नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(आपूर्ति)

प.सं. : २०७४।७५

च.नं. :

सिंहदबार, काठमाडौं

मिति:२०७४।१२।१४

## विश्व उपभोक्ता अधिकार दिवस मनाईएको सम्वन्धमा ।

हरेक वर्ष मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवस मनाइदै आइएको छ ।यस वर्ष पनि "Making Digital Market Places Fairer" भन्ने नाराकासाथ मार्च १५(तदनुसार चैत्र १, २०७४) मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजनामा सम्वन्धित प्रदेशको स्थानीय तहसंग समन्वय गरी प्रदेश १ को राजधानी विराटनगर, प्रदेश २ को जनकपुर, प्रदेश ३ को हेटौंडा, प्रदेश ४ को पोखरा, प्रदेश ५ को रुपन्देही, प्रदेश ६ को सुर्खेत र प्रदेश ७ को धनगढीमा विशेष कार्यक्रम गरी विश्व उपभोक्ता अधिकार दिवस मनाइयो । यस वर्षको उपभोक्ता दिवसको नेपालका लागि "उपभोक्ता जागरण अभियानमा स्थानीय तहको सक्रियता" भन्ने नारा तय गरिएको थियो । कार्यक्रममा प्रदेश एवं स्थानीय तहका पदाधिकारीहरुवाट प्रदेश र स्थानीय तहको कानूनहरु निर्माणको क्रममा रहेकोले निर्माण हुने कानूनमा उपभोक्ताको हक अधिकारको संरक्षण एवं प्रत्येक उपभोक्ताले उपयुक्त मूल्यमा गूणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकारको सूनिश्चितताालाई ध्यान दिने विषयमा छलफल भएको थियो ।

२०७४।१२।१४

**सचिव**

फोन नं. ०१-४२११६३१, ४२११६०८,४२११६४२ फयाक्स नं. ९७७-१-४२१११६७

निजामती सेवाको मान्यता : अनुशासन, इमान्दारी र नैतिकता